**निर्णय नं. १:**
भूमिहिन दलित, भूमिहिन सुकम्वासी र अव्यवस्थित वसोवासीको व्यवस्थापनका लागि लगत संकलनको कार्य सकिएकाले सवै वडा कार्यालयहरुले एकरुपता कायम हुने गरी सिफारिस पठाउने निर्णय गरियो ।

**निर्णय नं. २:**
१० नं. वडा कार्यालयको आयोजनामा व्यवसायिक कृषक तथा साना पशुपालक किसान, नगरपालिकाको कर्मचारी, वडाका जनप्रतिनिधी, पत्रकार, संघसंस्था र मेलमिलापकर्ताहरुको नेपालको नवलपुर, भैरहवा तथा भारतको पंजावका कृषि तथा पशुपालन फर्महरुमा वडास्तरिय वजेट तथा सम्बन्धित व्यक्तिको लागत सहभागिताको रकमबाट अध्ययन तथा अवलोकन भ्रमण गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**
यस नगरपालिकामा मिति २०७७।१०।१५ गते नगर प्रमुख उद्यमशिलता कार्यक्रम अन्तर्गत व्यवसाय संचालनका लागि ईच्छुक व्यक्तिहरुबाट आवेदनका लागि सूचना प्रकाशित गरिएकोमा निवेदकहरुको संख्या बढिरहेको र वडा कार्यालयहरुबाट म्याद थपका लागि अनुरोध भएको हुँदा मिति २०७७।११।१२ गतेसम्म म्याद थप गर्ने निर्णय गरियो ।